चन्द्रनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा
चन्द्रनगर सर्लाही
मधेश प्रदेश नेपाल

प.स.२०७८।७९
च.न. ४९

मिति :२०७८।११।३०

विषय : सामाजिक परीक्षण तथा **School Report Card** को प्रयोग सम्बन्धमा ।

श्री सामुदायिक विद्यालयहरु सवै,
चन्द्रनगर गाउँपालिका, सर्लाही ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको प.स. २०७८।७९ च.न. ७३ मिति **२०७८।११।२३** को पत्रवाट विद्यालयको लागि कोड गरेको सामाजिक परीक्षण तथा **School Report Card** को प्रयोग सम्बन्धमा पत्र अवगत नै छ। उक्त सामाजिक परीक्षण मापदण्ड-२०७८ डाउनलोड गरी अध्ययन गरेर सामाजिक परीक्षण प्रतिवेदन २०७८ फल्गुण ३० भित्र यस चन्द्रनगर गाउँपालिकाको कार्यालयमा पेश गर्नुपर्ने हुदाँ अहिलेसम्म कुनै पनि विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन पेश नभएकोले यथाशिघ्र पेश गर्न हुन तथा उक्त केन्द्रको मिति **२०७८।११।२३** को पत्र अध्ययन गरि सो अनुरुप गर्न गराउन जानकारी साथ अनुरोध गरिन्छ ।

०७८/११/३०
हरिकान्त लाल कर्ण
शिक्षा शाखा प्रमुख

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(शैक्षिक सूचना तथा व्यवस्थापन शाखा)
सानोठिमी, भक्तपुर

प.सं.: शै.सू.व्य. २०७८/७९ मिति : २०७८।११।१३
च.नं. : 62

**विषय : सामाजिक परीक्षण र School Report Card को प्रयोग सम्बन्धमा ।**

श्री सामुदायिक विद्यालय
सबै ।

प्रस्तुत विषयमा यस केन्द्रबाट **सामाजिक परीक्षण र School Report Card को प्रयोग सम्बन्धमा** मिति २०७८ फाल्गुण १० गते प्रेषित SMS प्राप्त गर्नु भएकै छ । यस विषयको कार्यान्वयनमा अस्पष्टता भएको भनी विद्यालय र स्थानीय तहबाट सोधनी भएको सन्दर्भमा यो पत्र लेख्ने कार्य भएको हो ।तसर्थ यस विषयको कार्यान्वयनका लागि देहाय अनुसार गर्न हुन निर्देशानुसार अनुरोध छ ।

१. यस केन्द्रको बेवसाइट www.cehrd.gov.np को Menu Bar को Plan and Polices क्लिक गर्ने र त्यस भित्रको Directives option click गर्ने । त्यहाँबाट **विद्यालय सामाजिक परीक्षण मापदण्ड- २०७८** डाउनलोड गरी अध्ययन गर्ने ।
२. उक्त मापदण्ड अनुसार सामाजिक परीक्षण कार्य प्रारम्भ गर्नुपूर्व iemis.cehrd.gov.np मा विद्यालयको IEMIS Code र पासवर्ड प्रविष्ट गरी Log in गर्ने । उक्त web -portal को Dash Board मा रहेको Generate Report Card मा क्लिक गर्ने । केही समयसम्म यसरी क्लिक गरेको १ दिनपछि School Report Card निस्कने हुँदा सोही अनुसार Scool Report Card प्राप्त गरी प्रिन्ट गर्ने ।
३. बुँदा नं २ अनुसार प्राप्त School Report Card सामाजिक परीक्षण समितिलाई उपलब्ध गराउने ।
४. सामाजिक परीक्षण पश्चात् उक्त प्रतिवेदन स्थानीय तहमा पेश गर्दा School Report Card लाई प्रतिवेदनको अनुसूचिमा समावेश गर्ने ।
५. सामजिक परीक्षण गरे पश्चात् उक्त मिति विद्यालयको Excel Based File मा Update गर्ने र सो Excel Based file लाई iemis.cehrd.gov.np मा अपलोड गर्ने ।

**बोधार्थः**
श्री स्थानीय तह (सबै) : यस कार्यमा विद्यालयहरुलाई सहजीकरण गरिदिनु हुन अनुरोध छ ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै): यस कार्य सम्पादनका लागि स्थानीय तहसँग समन्वय गर्नु हुन ।

2078/11/13
रामचन्द्र शर्मा
निर्देशक